**Freedom Forum**

P.O. Box: 24292, Kathmandu, Nepal
Tel / Fax : 977-1- 4102030 / 4102022
Email: info@freedomforum.org.np
freedomforum@enet.com.np
Website : ww.nepalpressfreedom.org
www.freedomforum.org.np

UNIVERSAL DECLARATION OF DEMOCRACY

# लोकतन्त्रको विश्वव्यापी घोणणापत्र

FREEDOM FORUM

• Democracy • Media Freedom • Human Right • Development

## लोकतन्त्रको बारेमा.................

**लोकतन्त्र** (Democracy) कुनै सीमा वा बन्धनमा बाँधिएको शासन व्यवस्था होइन । तर, यसले खुकुलो नैतिकताको बन्धन यसरी सिर्जना गरेको हुन्छ कि यो नै मानवीय उच्च सभ्यताको द्योतक बन्न पुगेको छ । वास्तवमा लोकतन्त्र जनताको प्रतिनिधिमूलक शासन व्यवस्थाको यस्तो नाम हो जसको विकल्पमा अर्को त्यत्ति नै जनमुखी, न्यायमुखी, सहभागितामूलक, जनप्रतिनिधिमूलक र सामाजिक न्याय सहज वितरण गर्ने राज्य संस्था अहिलेसम्म राजनीतिक वृत्तमा आविष्कार हुन सकेको छैन ।

लोकतन्त्रले प्रभावकारी सहभागिताका लागि मतदानमा समानता, समभ्रुदारीको विकास, सरकारका सम्पूर्ण कार्यसूचीमाथि जनताको अन्तिम नियन्त्रण र सम्पूर्ण

वयस्कहरूको संलग्नतालाई प्रत्याभूत गरेको हुन्छ। लोकतन्त्र सवैलाई प्यारो लाग्ने कारणहरू हुन् – दमनकारी शासनको अन्त्य, आधारभूत अधिकारहरूको बहाली, वैयक्तिक स्वतन्त्रता, आत्मनिर्णयको अवसर, नैतिक स्वायत्तता, मानवीय विकास, अत्यावश्यक निजी स्वतन्त्रताको संरक्षण, राजनीतिक समानता, शान्ति र समृद्धिको अवसर ।

लोकतन्त्रले सामाजिक न्यायको प्रत्याभूति दिइरहेको हुन्छ। किनभने, यसको आधारभूमि भनेकै समाजको हितको लागि न्यायपूर्ण समानता हो। लोकतन्त्रलाई विभिन्न विशेषणले जहाँ सुसज्जित गर्न खोजिन्छ त्यहाँ लोकतन्त्रको कुनै गन्ध पनि हुँदैन। संसारका कुख्यात तानासाहहरूले समेत आफ्नो राज्य प्रणालीको प्रक्रियालाई कहीँ न कहीँ लोकतान्त्रिक व्यवस्था भन्न रुचाउँछन्। निरङ्कुश एकतन्त्रीय शाासन पनि एक प्रकारको लोकतन्त्र नै हो भन्ने देखाउने बाध्यता उनिहरूलाई परेको देखिन्छ। तर लोकतन्त्र हुन आवधिक निर्वाचनद्वारा निर्वाचित जनप्रतिनिधिहरूको नियन्त्रणमा व्यवस्थापिका , त्यस्तो व्यवस्थापिकाप्रति उत्तरदायी कार्यपालिका र स्वतन्त्र

न्यायपालिका हुनै पर्छ । यसैगरी मानव अधिकार, प्रेस स्वतन्त्रता, सामाजिक न्याय र लैङ्गिक समानताद्वारा सम्पूर्ण विभेदकारी कानुन  र प्रचलनको अन्त्य गरेको हुनुपर्दछ । लोकतान्त्रिक शासन व्यवस्थाका तीन खम्बा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका एकआपसमा सकारात्मक रूपले जनतालाई स्वायत्त बनाउन समन्वयकारी भूमिका निर्बाह गरिरहेको हुनुपर्दछ । वास्तवमा लोकतन्त्र उपर्युक्त तत्वहरुको प्रतिस्पर्धात्मक र समन्वयकारी साझा संस्कृतिको नाम हो ।

लोकतन्त्रका अनेक स्वरुप र  प्रयोगका किसिमहरू स्वयं लोकतन्त्र भित्रका आन्तरिक सवालहरूका उत्तरहरू हुन । जनताको सर्वोपरिता नै लोकतन्त्रको वास्तविक अर्थ हो । जनतामाथि थिचोमिचो गर्न जनताको नाम भजाउने राज्य, सोलोढोलोरूपमा अमुर्त किसिमले जनताका नाममात्र लिइरहने तर कहिल्यै जनताको मतद्वारा नचुनिएका, जनप्रतिनिधिद्वारा नछानिएका दलहरू वा उनका प्रतिनिधिबाट लोकतन्त्रको रक्षा हुन सक्दैन ।  किनभने, त्यहाँ कतै लोकतन्त्रको तत्व विद्यमान रहँदैन । जबकि, त्यस्तैले लोकतन्त्रको नाम बढी जपिरहेको भने पाइन्छ ।

समाजको विकाससँगै राजनीतिक व्यवस्था पारदर्शी, लोकप्रिय र समानतामा आधारित हुन थाल्दा लोकतन्त्रले एउटा संस्था र विश्वासको स्वरूप ग्रहण गऱ्यो ।  आज संसारमा लोकतन्त्रीय पद्धति (Democratic System) नै अत्यन्त लोकप्रिय  र हालसम्मको अवस्थामा  विकल्पहीन शासन व्यवस्था बनेको छ । लोकतन्त्रप्रतिको आस्थाका लागि लाखौँ -करोडौँ व्यक्तिहरू समर्पित छन र सहादत प्राप्त गरेका पाइन्छन् । लोकतन्त्रलाइ संस्कृतिको रुपमा सञ्चालन गर्ने शासन व्यवस्थाहरू मात्र आज संसारमा मानव अधिकारप्रति समर्पित र जनताका वास्तविक मुक्तिदाता मानिन्छन् ।  र, ती जनताका भरमा टिकेका पनि छन् ।

लोकतन्त्रको विकल्प भनेको पनि निरन्तर लोकतान्त्रिकरण मात्र हो ।  लोकतन्त्रका मुल्य पद्धतीमा परिष्कृत गर्दै मानव चाहनाको उच्चतम सम्बोधन मार्फत प्रणालीगत सुधारमा चिन्तन-प्रवाह जारी छ । यसै क्रममा लोकतन्त्रले सामाजिक जीवनमा पारेको अद्‌भूत प्रभावले गर्दा अन्तर व्यवस्थापिका परिषद् (Inter-parliamentary union) ले लोकतन्त्रलाइ अन्तराष्ट्रिय स्तरमा स्वीकार्य संस्थाको

रुपमा अंगीकार गरेको छ। अन्तरव्यवस्थापिका परिषद सन् १८८९ मा स्थापित भएको बिश्वका १५४ वटा सार्वभौम राष्ट्का व्यपस्थापिकाहरू र आठ क्षेत्रीय संसदहरूको साझा संगठन हो। नेपाल यसको सदस्य राष्ट्र हो । यसको केन्द्रीय कार्यालय जेनेभा, स्विटजर लैण्डमा छ । यो संयुक्त राष्ट्रसंघको शान्तिको लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउने बिश्वको साझा राजनीतिक संगठन हो। इजिप्टको कायरोमा बसेको परिषदको १६१ औ सभाले सन् १९९७ मा लोकतन्त्रको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Democracy) स्वीकार गर्दै पारित गरेको थियो। कायरोमा उपस्थित परिषद्का १३७ राष्ट्रहरूले एक श्वरमा यो घोषणा पत्रलाई पारित गरेका थिए। चीनले भने पछि केही प्रावधानहरूप्रति आफ्नो सिमित असहमती (Certain Reservation) प्रकट गरेको थियो। त्यसैले लोकतन्त्रका यो विश्व घोषणापत्र संयुक्त राष्ट्र संघका सदस्यहरूका लागि आवश्यक तथा राज्य सञ्चालनका लगि निर्देशक सिद्धान्त बन्न पुगेको छ। लोकतन्त्रको बिश्वव्यापी घोषणपत्र प्रति नेपालको

पुर्ण प्रतिवद्धता छ । यो प्रतिवद्धतामा आँच आएमा नेपालको लोकतान्त्रिक छवी माथि चुनौती थपिने छ ।

लोकतन्त्रलाई आत्मसात गर्नु भनेको यसका सिद्धान्तहरूलाई राष्ट्रको र जनताको दैनिक कार्यसूचीमा रुपान्तरण गर्नु हो । यस सम्बन्धमा व्यापक छलफल गरी लोकतन्त्रलाई जीवन संस्कृतिको रुपमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने सकारात्मक बहस चलाउन जरुरी छ । हामीले पनि लोकतन्त्रलाई जीवन पद्धतिको संस्कृति बनाउने प्रयास जारी राख्नु छ । विश्व संस्थाले पारित गरेको र नेपाल पनि उक्त घोषणमा हस्ताक्षर गर्ने देश भएकाले लोकतन्त्रको विश्वव्यापी घोषणा पत्रलाई र ाजनितिक प्रणालीको मार्गनिर्देशक सिद्धान्त मान्नु हाम्रो कर्तब्य हुन गएको छ । सजग तथा निरन्तररूपमा लोकतन्त्रका लागि संघर्षरत नेपाली जनतासमक्ष यो दस्तावेजलाई प्रस्तुत गर्नु आवश्यकसमेत भइसकेको छ ।

अतीतमा एकिकृत नेपाल सामन्ती राजतन्त्रात्मक र बेला बेलामा उदय हुने बिभिन्न जहानियाँ शासनमा जकडिदै आएको थियो । नेपाली जनताले त्यसबाट मुक्ति पाउन

लामो लोकतान्त्रिक लडाइँ लड्नु परेको थियो । लोकतान्त्रिक प्रणाली स्थापना गरी यसको प्रयोगमा अगाडि बढ्दा पनि बारम्बार निरङ्कुश राजतन्त्रको विरुद्धमा लडिरहनु परेको हाम्रो इतिहास ताजै छ । भर्खरै मात्र राजतन्त्रको अढाई शतकको पञ्जावाट नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा पदार्पण गरेको छ । अहिले सम्म संसारको कान्छो गणतन्त्रको रूपमा नेपाल रहेको छ । हामी संघीय शासन अपनाउन नयाँ संविधान निर्माणको समयमा छौँ । हाम्रो संविधानसभा त्यसको गुरुत्तर अभिभारा लिएर अघि बढिरहेको छ । नयाँ सम्बिधान लोकतान्त्रिक मुल्य–पद्धतीमा पुर्णरुपेण आधारित हुने प्रतिवद्धता सबै राजनितिक दलहरुबाट आएपनि लोकतन्त्रको बुझाई, परिभाषा र व्याख्यामा मतान्तरहरू देखा परेका छन् । वास्तवमा लोकतन्त्रको नयाँ परिभाषा आवश्यक छैन । विश्वव्यापी मान्यता प्राप्त लोकतन्त्रको व्याख्या गरेको सर्वस्वीकार्य दस्तावेज हामीसँग छ । र, यसप्रत्ति नेपालको राष्ट्रिय प्रतिवद्धता पनि छ । केवल यसको ब्याख्या गलत ढङ्गले नहोस् भन्ने वारेमा भने हामी अत्यन्त सजग र सचेत छौँ ।

हाम्रो सन्दर्भमा लोकतन्त्रको बुझाई, परिभाषा र ब्याख्यामा बिद्यमान अन्योललाई हटाई वैचारिक प्रष्टता ल्याउनका लागि युवाहरू खासगरी बिद्यार्थी संगठनका कार्यकर्ताहरू र राजनितिक दलका युवा प्रतिनिधिहरुले यसको विश्वव्यापी स्वीकृत मान्यताहरूलाई आत्मसाथ गर्नै पर्दछ । लोकतान्त्रिक संस्कारलाई जीवनमूल्य बनाउन आजको युवा पुस्ताले पनि सकेन भने नेपालले अझैपनि राजनीतिक प्रणालीगत गन्तब्य सुनिश्चित गर्न सक्नेछैन र समाजले शान्ति र समृद्धीको चाहना पुरा गर्न पाउने छैन ।

लोकतन्त्रलाई अन्ततः संसदीय व्यवस्थाको रुपमा पनि किन स्वीकार गरिएको हो भने दलहरूको स्वतन्त्रता मञ्च भनेको नै संसद् हो चाहे त्यो स्थानीय, क्षेत्रीय वा राष्ट्रिय वा अन्तराष्ट्रिय नै किन नहोस । या जुनसुकै नामको व्यवस्थापिका होस् । यसको पहिलो सर्त आवधिक निर्वाचन हो । लोकतन्त्रमा दलहरूको भूमिका र महत्व अत्यन्त संवेदनशील मानिन्छ । समानुपातिक र मिश्रित जुन प्रणालीबाट जनप्रतिनिधित्वको अभ्यास गरे पनि दलहरू नै जनताका वाणी बोल्ने माध्यमहरू हुनेछन्

जसलाई स्वतन्त्र प्रेसहरूले बारम्बार अनुगमन गरिरहनेछन् ।

लोकतन्त्रमा जनतालाई प्रतिनिधित्व गर्ने सबै तह लोकतन्त्रप्रति समर्पित हुन्छन् र न्यायपूर्ण समाजप्रतिको आस्थाले विधिको शासनलाई सुरक्षित राख्दछन् । दण्डहीनताले लोकतन्त्रलाई क्षतविक्षत बनाउँछ र त्यहाँबाट नै लोकतन्त्रको रक्षाको निउँमा सर्वसत्तावादले टाउको उठाउने मौका पाउँछ । तसर्थ यस संक्रमणकालीन अवस्थामा नेपालीहरूमा लोकतन्त्रको अर्थ, कार्य र व्यापकतामा देखिएको अन्यौललाई कम गर्न र लोकतन्त्रलाई नेपाली जीवनमा संस्थागत गरी जीवन संस्कृतिको रुपमा स्वीकार गर्न यो दस्तावेजले दिशाबोध गर्ने बिश्वास लिइएको छ ।

तारानाथ दाहाल<br>
अध्यक्ष<br>
फ्रिडम फोरम

# लोकतन्त्रको विश्वव्यापी घोषणापत्र

## (Universal Declaration of Democracy)

**अन्तर व्यवस्थापिका परिषद्को १६१ औं सत्रमा सर्वसम्मति *द्वारा अवलम्वन गरिएको घोषणा (कायरो, १६ सेप्टेम्बर, १९९७)**

**अन्तर व्यवस्थापिका परिषद्** (Inter- Parliamentary Union)

अन्तर व्यवस्थापिका संघको शान्ति तथा विकासको प्रतिवद्धताप्रति पुनः दृढता व्यक्त गर्दै प्रजातान्त्रीक प्रक्रिया तथा प्रतिनिधिमूलक संस्थाहरूको सवलीकरणले मात्र लक्षित उद्देश्य प्राप्तिका लागि योगदान पुग्ने कुरामा सहमत हुँदै;

अन्तर व्यवस्थापिका संघको लोकतन्त्र प्रवर्द्धन गर्ने तथा विश्वभर बहुलवादी पद्धतिमा आधारित

* *घोषणापत्र अवलम्वन गरिएपछि चिनीयाँ प्रतिनिधिमण्डलले यसका केही प्रावधानहरूप्रति असहमती (Reservation) प्रकट गरेको थियो ।*

प्रतिनिधिमूलक सरकार स्थापना गर्ने उद्घोष र प्रतिवद्धताप्रति पुनः दृढता व्यक्त गर्दै, साथै यस क्षेत्रमा दिगो तथा विविधतापूर्ण कार्यलाई सवल बनाउने इच्छा जाहेर गर्दै;

प्रत्येक राज्यलाई उसका जनताको चाहनाअनुसार अन्य राज्यको हस्तक्षेपविना संयुक्त राष्ट्रसंघीय वडापत्रलाई दृढताका साथ पालना गर्दै आफ्नै राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक पद्धतिहरूको स्वतन्त्र रुपमा छनौट तथा विकास गर्ने सार्वभौम अधिकार रहेको कुराको उद्घोष गर्दै;

१० डिसेम्बर १९४८ मा अवलम्वन गरिएको मानवअधिकारको विश्वव्यापी घोषणा, १६ डिसेम्बर १९६६ मा अवलम्वन गरिएका, नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धहरू, २१ डिसेम्बर १९६५ मा अवलम्वन गरिएको सबै प्रकारका जातीय विभेदहरूको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी तथा १८ डिसेम्बर १९७९ मा

अवलम्वन गरिएको महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको उन्मूलनसम्बन्धी महासन्धीको पुनः उद्घोष गर्दै;

वास्तविक स्वतन्त्र तथा निष्पक्ष निर्वाचनहरूमा व्यक्त जनइच्छाअनुसार मात्र कुनै पनि राज्यको सरकारले अधिकार प्राप्त गर्न सक्दछ भन्ने मान्यतालाई सुनिश्चित गर्दै मार्च १९९४ मा अवलम्वन गरिएको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका आधारहरूको घोषणालाई पुनः स्मरण गर्दै;

संयुक्त राष्ट्रसंघीय महासभाको एकावन्नौं सत्र सन् १९९६, २० डिसेम्बरमा संयुक्त राष्ट्रसंघका महासचिवद्वारा प्रस्तुत गरिएका लोकतान्त्रिकरणका कार्यसूचीलाई उल्लेख गर्दै;

यसमा अन्तरनिहित निम्नलिखित मान्यताहरूबाट निर्देशित हुन विश्वभरका सरकार र संसद्हरूलाई आग्रह गर्दै लोकतन्त्रको विश्वव्यापी घोषणा पारित गर्दछ :

**पहिलो भाग : लोकतन्त्रका सिद्धान्तहरू**

१) जस्तोसुकै सांस्कृतिक, राजनीतिक, सामाजिक र आर्थिक विभिन्नताहरू भए पनि विश्व समुदायका जनताहरूले अवलम्वन गरेका साझा मूल्यहरूमा आधारित विश्वव्यापीरुपमा मानिएका आदर्श तथा लक्ष्य नै लोकतन्त्र हो । त्यसकारण यो राजनीतिप्रतिको चाहना र वैचारिक विविधताप्रति उचित सम्मान दर्शाउँदै स्वतन्त्रता, समानता, पारदर्शिता तथा जिम्मेवारीपनाका शर्तहरूअन्तर्गत रही अभ्यास गर्न पाउने नागरिकको आधारभूत अधिकार हो ।

२) लोकतन्त्र अनुशिलन तथा खोज गरिनुपर्ने एक आदर्श तथा प्रयोग गरिनुपर्ने सरकारको एक स्वरुप दुवै हो । संरचनागत रुपमा यसले अन्तर्राष्ट्रिय मान्यता प्राप्त सिद्धान्तहरू, मूल्यहरू तथा मापदण्डहरूको मर्म कायाम राख्दै अनुभवहरूको विविधता तथा सांस्कृतिक

विशेषताहरूलाई प्रतिबिम्बित गर्दछ । यसकारण यो निरन्तर रुपमा परिष्कृत भएको र सधैं परिष्कृत हुन सक्ने अवस्था वा शर्त हो । जसको प्रगति विविधतायुक्त राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक तत्वहरूउपर निर्भर रहनेछ ।

३) मूलतः एउटा आदर्शका रुपमा लोकतन्त्रले व्यक्तिका मौलिक अधिकारहरू तथा प्रतिष्ठाको संरक्षण र सम्बर्द्धन गर्ने लक्ष्य लिएको हुन्छ । सामाजिक न्यायको प्राप्ति, समुदायको आर्थिक तथा सामाजिक विकासको बढावा, सामाजिक, सद्भाव सवलीकरण तथा राष्ट्रिय शान्तिको प्रवर्द्धन सँगसँगै अन्तर्राष्ट्रिय शान्तिका लागि वातावरण निर्माण गर्ने यसको निहितार्थ रहेको हुन्छ । लोकतन्त्र सरकारको एउटा ढाँचाका रुपमा यी उद्देश्यहरू प्राप्तिका लागि सबैभन्दा उपयुक्त उपाय हो । यो एकमात्र यस्तो राजनीतिक पद्धति हो जससँग

आत्मशुद्धि (Self–Correction) गर्ने क्षमता विद्यमान हुन्छ ।

४) लोकतन्त्रका उपलब्धिहरूले सामाजिक मामिलासम्बन्धी व्यवहारमा पुरुष र महिलाबीच विशुद्ध साझेदारीको पूर्वानुमान गर्दछ । जुन समाजमा तिनीहरूले तिनका विभिन्नताहरूबाट आपसी समृद्धिलाई ग्रहण गर्दै समानता र परिपूरकताका आधारमा काम गर्दछन् ।

५) लोकतन्त्रले शक्तिको प्राप्ति, प्रबन्ध तथा परिवर्तनका प्रक्रियाहरू स्वतन्त्र राजनीतिक प्रतिस्पर्धाबाट हुने कुरालाई अनुमति प्रदान गर्दछ । यी प्रक्रियाहरू जनताको खुला, स्वतन्त्र र विभेदरहित सहभागिताका उपज हुन्; जसलाई स्वरुप तथा भाव दुवैमा कानुनको शासनलाई आत्मसात गर्दै अभ्यास गरिन्छ ।

६) प्रस्तावनामा स्मरण गरिएका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेखित अधिकारलाई लोकतन्त्रबाट अलग गर्न सकिँदैन । त्यसकारण यी अधिकारहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्दछ । साथै यिनको उपयुक्त अभ्यासले व्यक्तिगत तथा सामूहिक जिम्मेवारी हरूसँग मेल खानै पर्दछ ।

७) लोकतन्त्र कानुनको सर्वोच्चता तथा मानवअधिकारको अभ्यासमा आधारित हुन्छ । एउटा लोकतान्त्रिक राज्यमा कोही पनि कानुनभन्दा माथि हुँदैन र कानुनका सामु सबै बराबर हुन्छन् ।

८) शान्ति तथा आर्थिक, सामाजिक र सांस्कृतिक विकास लोकतन्त्रका शर्त तथा प्रतिफल दुबै हुन् । त्यसकारण शान्ति, विकास तथा कानुनको शासन र मानवअधिकारको पालना तथा सम्मानबीच अन्तरसम्बन्ध विद्यमान हुन्छ ।

**दोस्रो भाग : लोकतान्त्रिक सरकारका तत्वहरू एवं अभ्यास**

९) लोकतन्त्र सू-संरचित तथा राम्ररी कार्यरत संरचनाहरूको अस्तित्वका साथै एउटा नियम तथा मापदण्डहरूको समूहमा आधारित हुन्छ । समग्रमा यो आफ्ना अधिकार तथा जिम्मेवारी हरूप्रति पूर्णरुपमा जानकार सामाजिक इच्छाहरू (Will of Society) मा आधारित हुन्छ ।

१०) सामाजिक सद्भाव र ऐक्यवद्धता प्रवर्द्धन गर्नका लागि लोकतान्त्रिक संस्थाहरूले विविधता र एकरुपता, वैयक्तिकता र सामूहिकताका प्रतिष्पर्धात्मक माग दावीहरूबीच उत्पन्न तनावहरूको मध्यस्थता गर्ने तथा तिनका बीच सन्तुलन कायम गर्ने काम गर्नु पर्दछ ।

११) लोकतन्त्र प्रत्येकको सार्वजनिक मामिला व्यवस्थापनमा भाग लिने अधिकारमा

आधारित हुन्छ । त्यसकारण लोकतन्त्रका लागि सबै तहमा प्रतिनिधिमूलक संस्थाहरूको विद्यमानता आवश्यक पर्दछ र विशेषतः समाजका सम्पूर्ण सामाजिक विशेषताहरूको प्रतिनिधित्व हुने एउटा संसद्को विद्यमानता जरुरी हुन्छ जससँग कानुन बनाएर तथा सरकारका कार्यहरूउपर निगरानी गरेर जनइच्छालाई अभिव्यक्त गर्ने आवश्यक अधिकार र उपायहरू हुन्छन् ।

१२) जनचाहना मुखरित हुनसक्ने गरी नियमित अवधिमा स्वतन्त्र र निष्पक्ष तवरले निर्वाचन सम्पन्न गर्नु लोकतन्त्रको अभ्यासमा एक अहं शर्त हो । यस्ता निर्वाचनहरू विश्वव्यापी समान र गोप्य मतदानका आधारमा सम्पन्न हुनुपर्दछ । परिणामस्वरुप सबै मतदाताहरूले समानता, खुलापना तथा पारदर्शिताका शर्तहरूभित्र रही आफ्ना प्रतिनिधिहरू छनौट गर्न सक्छन् जसले राजनीतिक प्रतिस्पर्धालाई बढावा दिन्छ । यस उद्देश्यका खातिर

नागरिक तथा राजनीतिक अधिकारहरू अत्यावश्यकीय हुन्छन् । ती अधिकारमध्ये पनि मतदान गर्ने तथा निर्वाचित हुने अधिकार, भेला हुने तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, सूचनामा पहुँच र राजनीतिक संगठन गर्ने तथा राजनीतिक क्रियाकलाप सञ्चालनका अधिकारहरू मुख्य हुन् । लोकतान्त्रिक प्रक्रियाहरूको अखण्डतालाई सुनिश्चित गर्न दलीय संगठन, क्रियाकलाप, आर्थिक कारोवार, कोष तथा आचरण निष्पक्ष तवरले उपयुक्त रुपमा नियमन गरिनुपर्दछ ।

१३) नागरिकका नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा सामाजिक अधिकारहरूको निर्वाध प्रयोगको सुनिश्चितता राज्यको एक अत्यावश्यकीय कार्य हो । यसकारण लोकतन्त्र, स्वतन्त्रतापूर्वक चुनिएको तथा सार्वजनिक मामिला व्यवस्थापनप्रति जवाफदेही, प्रभावकारी, इमानदार र पारदर्शी सरकार सँगसँगै जान्छ ।

१४) सार्वजनिक उत्तरदायित्व लोकतन्त्रका लागि अत्यावश्यकीय शर्त हो । निर्वाचित भएर वा अन्य कुनै हिसावले सार्वजनिक अख्तियारी लिएर बसेका सबै व्यक्ति वा संस्थाउपर अपवादरहित रुपमा यो लागू हुन्छ । उत्तरदायीपनाले सरकारका गतिविधिबारे आमनागरिकले जानकारी पाप्त गर्ने अधिकार, सरकारविरुद्ध याचना गर्ने अधिकार तथा निष्पक्ष प्रशासनिक तथा न्यायिक संयन्त्रमार्फत् उपचार खोज्ने अधिकारलाई अनिवार्य तुल्याउँछ ।

१५) समग्रमा सार्वजनिक जीवन नैतिक मान्यताहरू तथा पारदर्शीताले ओतप्रोत भएको हुनुपर्दछ । तिनीहरूको समर्थनका लागि उपयुक्त मूल्य, मान्यता तथा कार्यविधिहरू स्थापित गरिनुपर्दछ ।

१६) लोकतान्त्रिक प्रक्रिया तथा सबै तहका सार्वजनिक जीवनमा हुने व्यक्तिगत

सहभागिताको निष्पक्ष तथा पक्षपातरहित तवरले नियमन गरिनुपर्दछ । त्यसैगरी कुनै पनि प्रकारको भेदभाव साथै राज्य तथा गैरराज्यपक्षहरूबाट हुने धम्कीको खतरालाई हटाइनुपर्दछ ।

१७) लोकतन्त्रको आधारका रुपमा रहेको कानुनको शासनलाई न्यायिक निकायहरू र स्वतन्त्र, निष्पक्ष तथा प्रभावकारी अनुमगन संयन्त्रहरूले प्रत्याभूत गर्दछन् । उपर्युक्त निकाय तथा संयन्त्रहरूको पूर्ण सुनिश्चितताका लागि नियमहरूको सम्मान प्रक्रियाहरूको निष्पक्षतामा सुधार तथा अन्याय विरुद्ध उपचारको व्यवस्था हुनुपर्दछ । सबैका लागि समानताका आधारमा प्रशासनिक तथा न्यायिक उपचारको पहुँच हुनुपर्दछ । साथै राज्यका अंगहरू र सार्वजनिक निकायका प्रतिनिधि दुवैले तथा समाजका हरेक सदस्यहरूले प्रशासनिक तथा न्यायिक निर्णयहरूको सम्मान गर्नुपर्दछ ।

१८) लोकतन्त्रको अति आवश्यक तत्वका रुपमा एक सक्रिय नागरिक समाजको उपस्थितिलाई मानिए पनि व्यक्तिको लोकतान्त्रिक प्रक्रियाहरूमा सहभागी हुने तथा शासनको छनौट गर्ने चाहना तथा क्षमतालाई नजरअन्दाज गर्न सकिँदैन । त्यसकारण सहभागितामूलक अधिकारको वास्तविक अभ्यासका लागि यसको अभ्यासलाई निषेध गर्ने अवरोध गर्ने, वा यसमा बाधा पुऱ्याउने अप्ठ्याराहरूलाई उन्मूलन गर्दै अनुकूल अवस्थाको विकास गर्न आवश्यक छ । त्यसैले अन्य विषयका साथ-साथै समानता, पारदर्शीता र शिक्षको स्थायी प्रवर्द्धन सुनिश्चित गर्न अपरिहार्य छ ।

त्यसैगरी अज्ञानता, असहिष्णुता, उदासीनता, वास्तविक छनौट र विकल्पहरूको अभाव तथा सामाजिक, सांस्कृतिक, धार्मिक र जातीय स्वरुप वा लैङ्गिक कारणहरूले सिर्जित विभेद वा असन्तुलनहरूको सुधारका लागि तय

गरिएका मापदण्डको अभावजस्ता कठिनाइहरूलाई हटाउँदै जानुपर्दछ ।

१९) एउटा दिगो लोकतन्त्रका लागि शिक्षा तथा संस्कृति र सूचनाका अन्य माध्यमद्वारा निरन्तर सम्भारित (Nurtured) र सवलिकृत (Reinforced) लोकतान्त्रिक वातावरण र संस्कार आवश्यक पर्दछ । तसर्थः वृहत्तर रुपमा एउटा लोकतान्त्रिक समाज शिक्षाप्रति र विशेषतः नागरिक शिक्षा र जिम्मेवार नागरिक निर्माणप्रति प्रतिबद्ध हुनुपर्दछ ।

२०) लोकतान्त्रिक प्रक्रियाहरूलाई अनुकूल आर्थिक वातावरणले प्रोत्साहित गर्दछ । तसर्थः समाजले आफ्नो विकासका लागि गरिने समग्र प्रयत्नहरूमा सबैभन्दा सुविधा वञ्चित समुदायका आधारभूत आर्थिक आवश्यकताहरूप्रति सन्तोषप्रद परिणाम दिन प्रतिवद्ध हुनुपर्दछ । परिणामस्वरुप लोकतान्त्रिक प्रक्रियामा तिनीहरूको पूर्ण

सामेलीकरण (Full integration) सुनिश्चित हुन सकोस् ।

२१) लोकतन्त्रले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्वानुमान (Presupposes) गर्दछ । यस अधिकारमा विना हस्तक्षेप मत प्रकट गर्ने तथा कुनै पनि सञ्चारमार्फत् सीमाविहीन रुपमा सूचना र विचार खोज्ने, प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने स्वतन्त्रता अर्न्तनिहित हुन्छ ।

२२) विविधता, बहुलवाद तथा सहनशील वातावरणमा भिन्न रहन पाउने अधिकारको रक्षार्थ सजातीय९ज्कयनभलभयगक० साथै भिन्न जातीय (Heterogeneous) समाजहरूमा लोकतन्त्रका संस्था तथा प्रक्रियाहरूले सबै जनताको सहभागितालाई समेट्नु पर्दछ ।

२३) लोकतान्त्रिक संस्था तथा प्रक्रियाहरूले विकेन्द्रित स्थानीय र क्षेत्रीय सरकार तथा